राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७६ चैत ३

## आम-उपभोक्ताको मानव अधिकार सुनिश्चित गर ।

विगत केही महिनादेखि कोभिड-१९ को सङ्क्रमणले नेपाल लगायत विश्व समुदाय सन्त्रस्त र सङ्कटको अवस्थामा छ । नेपालले पनि यसका विरुद्ध लड्न विभिन्न उपायहरु अवलम्बन गरिरहेको छ । यसको सङ्क्रमणबाट बच्नका लागि विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्डहरु अपनाउनु पर्ने अपरिहार्यता छ । सन्त्रास र सङ्कटको अवस्थाको मौका छोपी आम-उपभोक्ताहरुको दैनिक जीवनमा गम्भीर असर पर्ने गरी उपभोग्य वस्तुहरु, औषधि एवं खाना पकाउने ग्याँस लगायतका सामग्रीहरुको कृत्रिम अभाव सिर्जना भइरहेको भन्ने समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उपभोक्ता अधिकारलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरी यसको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता संरक्षण ऐन २०७५ प्रचलनमा रहेको छ । उपभोक्ता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय दिग्दर्शन १९८५ र आयोगको उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०६८ ले पनि उपभोक्ताको अधिकार र वस्तु तथा सेवा प्रदायकहरुको जवाफदेहिता सम्बन्धमा समेत आवश्यक व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा, यस किसिमको सन्त्रासयुक्त समयमा कृत्रिम अभाव सिर्जना गरी कालाबजारी, अत्याधिक मूल्य असुली, गुणस्तरहीन वस्तुहरुको विक्रिवितरण नगर्न नगराउन तथा त्यसको प्रभावकारी अनुगमन गर्न समेत आयोग सम्बद्ध व्यवसायी तथा नेपाल सरकारलाई आग्रह गर्दछ । यसका साथै, आफ्ना अधिकारप्रति सचेत र सजग रहन आम-उपभोक्ता लगायत सम्बन्धित सरोकारवालाहरु सबैमा आयोग विशेष आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org